# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## बागमती प्रदेश, नेपाल

प. सं.: २०८०/०८१
चु. नं.: ३८

मिति : २०८०/१०/१९

## पञ्चकन्या गाउँपालिका भित्रका सहकारी संस्थाहरुको लागि जारी सूचना ।

पञ्चकन्या गाउँपालिका भित्र कार्यक्षेत्र रही यस गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुले पञ्चकन्या गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा २८ बमोजिम आर्थिक वर्ष समाप्त भएको मितिले छ (६) महिना भित्र वार्षिक साधारणसभा बोलाउनु पर्ने व्यवस्था छ । यसैगरी उक्त ऐनको दफा ५४ बमोजिम संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र प्रचलित कानून बमोजिम इजाजतप्राप्त लेखापरीक्षकबाट गराउनु पर्नेछ भन्ने व्यवस्था छ । अत: उल्लेखित प्रावधान बमोजिम यस गाउँपालिका भित्र कार्यक्षेत्र भएका सम्पूर्ण सहकारी संस्थाहरुले आ.व. २०७९/०८० समाप्ति पश्चातको वार्षिक साधारण सभाको निर्णय पुस्तिकाको प्रतिलिपी र आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी यस गाउँ कार्यपालिकाको कार्यालयमा यथाशीघ्र पेश गर्नुहुन सम्बन्धित सम्पूर्ण सहकारी संस्थाहरुलाई यसै सूचना मार्फत सूचित गरिएको छ ।

२०८०/१०/१९

(राममणि काफ्ले)
प्रमुख प्रशासकीय अधिकृत